☎९८५१२४९२०१
☎९८५११४९२०१

# मेलुङ गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

भेड्पु, दोलखा
बागमती प्रदेश, नेपाल

प.सं. :- २०७८/७९
च.नं. :-

मिति : २०७९/०३/२३

श्री सम्पूर्ण जनप्रतिनिधि,
श्री सम्पूर्ण कर्मचारी,
श्री सम्पूर्ण शिक्षक,
मेलुङ गाउँपालिका ।

विषय : आर्थिक वर्ष २०७८/७९ को सम्पत्ति विवरण पेश गर्ने सम्बन्धमा ।

प्रस्तुत विषयमा प्रत्येक जनप्रतिनिधि, कर्मचारी र शिक्षकले आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिनभित्र आफ्नो वा आफ्नो परिवारको सदस्यको नाममा रहेको चल अचल सम्पत्तिको स्रोत वा निस्सा सहितको अद्यावधिक विवरण नेपाल सरकारले तोकेको निकायमा बुझाउनुपर्ने कानूनी प्रावधान अनुसार आर्थिक वर्ष २०७८/७९ को सम्पत्ति विवरण देहायबमोजिमका कार्यालयमा संलग्न ढाँचाको फाराम र खामको नमुना भरी संवत् २०७९ भाद्र २९ गते भित्र बुझाउनुहुन अनुरोध गरिन्छ । उक्त मितिभित्र सम्पत्ति विवरण नबुझाएमा वा म्याद नाघेपश्चा त् प्राप्त भएमा कानूनबमोजिम जरिवाना तिर्नुपर्ने बेहोरा समेत जानकारी गराईन्छ।

सम्पत्ति विवरण पेश गर्ने कार्यालय र स्थान :

- सम्पूर्ण जनप्रतिनिधिहरुले मेलुङ गाउँ कार्यपालिकाको कार्यालय, प्रशासन शाखा, भेड्पु पोखरीमा,
- स्थायी निजामती कर्मचारी र कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम स्थानीय तहमा समायोजन भएका कर्मचारीहरुले राष्ट्रिय किताबखाना (निजामती), हरिहरभवन, ललितपुरमा,
- स्थायी शिक्षकहरुले मेलुङ गाउँ कार्यपालिकाको कार्यालय, शिक्षा शाखा मार्फत् राष्ट्रिय किताबखाना (शिक्षक), म्युजियम मार्ग, छाउनी, काठमाडौंमा,
- स्थायी शिक्षक बाहेक सम्पूर्ण शिक्षक तथा विद्यालय कर्मचारीहरुले मेलुङ गाउँ कार्यपालिकाको कार्यालय, शिक्षा शाखा,जोरधारामा,
- सङ्घीपय लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगको सिफारिसमा स्थानीय तहमा नियुक्त भएका कर्मचारीहरुले मेलुङ गाउँ कार्यपालिकाको कार्यालय, प्रशासन शाखा, भेड्पु पोखरीमा,
- मेलुङ गाउँ कार्यपालिका अन्तर्गत करार सेवामा कार्यरत कर्मचारीहरुले मेलुङ गाउँ कार्यपालिकाको कार्यालय, प्रशासन शाखा, भेड्पु पोखरीमा,

................
(महेन्द्र विश्वकर्मा)
प्रमुख प्रशासकीय अधिकृत

E-mail :info@melungmun.gov.np, melungrmc@gmail.com, Website : melungmun.gov.np